# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं प्रदेश, नेपाल


पत्र संख्या :- ०७६/०७७
चलानी नं :-

सूचना ॥ सूचना ॥ सूचना ॥।

टोखा नगरपालीका कृषि शाखाको आ.व.२०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार १ (एक) **दिने निशुल्क माटो परिक्षण शिविर** संचालन हुने भएकोले **मिति २०७६/१०/३ देखि मिति २०७६/१०/६** सम्म नमुना संकलन गर्ने र **मिति २०७६/१०/७** गते संकलित नमूनाको परिक्षण **टोखा नगरपालीका वडा नं.-३ को वडा कार्यालय परिसरमा** गर्ने कार्यक्रम रहेकोले आ-आफ्नो व्यवसायीक कृषि फार्म, खेतबारी, करेशाबारीको माटो जाँच गराई मौकाको फाईदा लिनु हुन सम्पूर्ण कृषक महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ ।

*माटोको नमूना संकलन गर्दा ध्यान दिनुपर्ने कुराहरु*

१) मल थुपारेको ठाउँ, झाडी रुखको फेद मुनीबाट नमुना संकलन नगर्ने ।
२) १ रोपनी जग्गाबाट सबै ठाउँको प्रतिनिधित्व हुने गरि विभिन्न ५ स्थानबाट माटोको नमुना संकलन गर्ने ।
३) नमुना संकलन गर्दा करिब १५-२० से.मी. वा लगभग १ बित्ता गहिराईबाट भि ख आकारमा माटोको नमुना संकलन गर्ने ।
४) नमुना संकलन लिंदा जमिनको माथिल्लो भागको २-३ ईन्चको माटो हटाएर मात्र नमुना लिने ।
५) संकलित नमुनाबाट जाँच गर्नुपर्ने माटो मिसाई करिब ५०० ग्राम (आधा के.जि.) नमुना मात्र लिएर आउने ।
६) नमुना राखेको प्लाष्टिकमा कृषकको नाम, ठेगाना, नमुना लिएको मिति, खेत/बारी /पाखो के हो उल्लेख गर्ने साथै नमुना संकलन गरेको खेत/बारीमा हाल कुन बाली लगाएको छ , उल्लेख गर्ने ।

**तपसिल:**

मिति: २०७६।१०।०३ गते देखि २०७६/१०/७ गते बिहान ८ बजे सम्म नमुना संकलन
मिति २०७६/१०/०७ गते ८ बजे देखि परिक्षण तथा नतिजा वितरण कार्य गरिने
मिति २०७६/१०/०८ गते नमुना परिक्षणको नतिजा अनुसार आवश्यक कृषि चुन वितरण गरिने छ ।
*स्थान:* टोखा नगरपालीका वडा नं.३ को वडा कार्यालय परिसर, टोखा काठमाण्डौं ।
*समय:* बिहान ८:० बजे देखि ४:० बजे सम्म ।
**थप जानकारीको लागि सम्पर्क:** ९८४१०१५१७५, ९८४३१८४१६७, ९८४२९७३७४५

२०७६।१०।२

(प्रदिप पौडेल)
प्रमुख प्रशासकीय अधिकृत